का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १३५
- २ साउन २०७७, शुक्रबार
- 17 July 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेटः बिहीबार साँझसम्म**

| | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | १७३४४ जना | ११२४९ जना | ३०३८१० | ६०५६ | ३९ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | १ करोड ३७ लाख ७६ हजार | ८१ लाख ९३ हजार | ५ लाख ८८ हजार | ४९ लाख ९४ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# उही अडान

- दाहाल-नेपालः अब राजीनामा दिनुहोस्, धेरै तर्क नगर्नुहोस्
- प्रधानमन्त्री ओलीः दुवै पद छोड्दिन, सक्दो प्रयास गर्छु
- साँझ खुमलटार र बालुवाटारमा छुट्टा-छुट्टै भेला
- आजको स्थायी कमिटी स्थगित नगर्न तीन नेता सहमत

**पार्टीभित्रको विवाद समाधान गर्न एक साता स्थगित गरिएको स्थायी कमिटी बैठक आज नरोक्ने शीर्ष तीन नेता केपी शर्मा ओली, पुष्पकमल दाहाल र माधवकुमार नेपालले सहमति गरेका छन् । तर, बिहीबार दिनभरको प्रयासले पनि सहमति जुटाउन भने सकेको छैन ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन ।




फुट नजिक पुगेको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटी बैठक आज नरोकिने भएको छ । बिहीबार दिउँसो अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली, कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल र शीर्ष नेता माधवकुमार नेपाल बीच भएको छलफलले आजको स्थायी कमिटी बैठक स्थगित नगर्ने निर्णय गरेका हुन् । असार २६ गते एक साताका लागि स्थगित बैठक आज एघार बजे बोलाइएको छ ।

त्यसअगाडि दुई अध्यक्ष ओली र प्रचण्ड बीच बुधबार पनि भेटवार्ता भएको थियो । बुधबार कुनै सहमति जुट्न नसकेपछि बिहीबार बिहानै आफ्नै निवास खुमलटारमा प्रचण्ड पक्षको भेला भएको थियो । प्रचण्ड, बरिष्ठ नेता झलनाथ खनाल, बरिष्ठ नेता माधवकुमार नेपाल, उपाध्यक्ष वामदेव गौतम, सचिवालय सदस्य रामबहादुर थापा र प्रवक्ता नारायणकाजी श्रेष्ठ बीच छलफल भएको थियो ।

उक्त छलफलले दुवै पदबाट ओलीले राजीनामा दिनुपर्ने अडानलाई कायमै राखेको थियो भने प्रधानमन्त्री ओलीले पार्टीको निर्णय मान्नुपर्ने निष्कर्ष निकालेको थियो । यो भेला लगत्तै बालुवाटारमा ओली, दाहाल र नेता नेपाल बीच छलफल भयो । "छलफलले कुनै सहमति जुटाउन सकेन, तर स्थायी कमिटी बैठक नरोक्ने सहमति भयो", प्रचण्डका प्रेस संयोजक विष्णुप्रसाद सापकोटाले भने ।

नेता नेपाल बालुवाटारबाट बाहिरिए पछि ओली र दाहालले महासचिव बिष्णुप्रसाद पौडेल र नेता जनार्दन शर्मालाई राखेर छलफल गरेका थिए । छलफलले बैठक बस्ने र बैठकका अजेण्डाबारे छलफल गरेको प्रधानमन्त्रीका प्रेस सल्लाहकार सूर्य थापाले बताए ।

यो छलफल पछाडि प्रधानमन्त्री ओलीले आफू निकट नेताहरु ईश्वर पोखरेल, महासचिव विष्णुप्रसाद पौडेल, संसदीय दलका नेता सुवास नेम्वाङ लगायतलाई बालुवाटार बोलाएर छलफल गरेका थिए । त्यही समयमा प्रचण्डले पनि आफू निकट नेताहरुलाई खुमलटार बोलाएर छलफल गरेका थिए । सापकोटाले यो भेला शुक्रबारको स्थायी कमिटी बैठकको तयारीमा केन्द्रीत भएको बताए ।

गएको असार १४ गते प्रधानमन्त्री ओलीले आफूलाई हटाउन भारतीय दूतावास सक्रिय भएको र नेपालकै नेताहरुले पनि राजीनामा मागेको सार्वजनिक अभिव्यक्ति दिएपछि दुवै पदबाट राजीनामा मागिएको छ । १६ असारको बैठकमा स्थायी कमिटीका १७ जनाले प्रधानमन्त्रीको राजीनामा मागिएपछि नेकपा फुटतर्फ केन्द्रीत भएको थियो । कतिसम्म भने प्रधानमन्त्री ओलीले जारी वर्षे अधिवेशन आकस्मिक मन्त्रिपरिषदको बैठक राखेर अन्त्य गरेका थिए भने असार १९ गते मन्त्रीहरुलाई बालुवाटार बोलाएर कित्ता प्रष्ट पार्ने बेला आउन सक्ने बताएका थिए । तर, दोस्रो तहका नेताहरु लागि परेपछि एक साताका लागि बैठक स्थगित भएको थियो ।

## सरकारको दावी
# संक्रमित कम हुँदा परीक्षण घट्यो

- २४ घण्टामा ४८९१ को परीक्षण
- १६७ थप संक्रमित, २१३ डिस्चार्ज
- उपत्यकाका चार हजार परीक्षणमा गर्दा तीन संक्रमित

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रमित घटेकाले परीक्षण दर घटेको दावी गरेको छ । बिहीबार चार हजार ८९१ को स्वाब परीक्षण गर्दा १६७ जनामा संक्रमण भेटिएको छ । उपत्यकामा तीन हजार नमूना परीक्षणमा तीन जनामा मात्रै संक्रमण देखिएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन ।



*इन्द्रेणी लागेको समयमा हलचोक डाँडाबाट देखिएको काठमाडौं तथा त्यस आसपास क्षेत्र । तस्वीरः प्रदीपराज वन्त/रासस*

सरकारले संक्रमित कम देखिएकाले परीक्षण दर घटेको दावी गरेको छ । परीक्षण दर घटाइएको भन्दै आलोचना भएपछि सरकारले संक्रमित दर घटेकाले नै परीक्षण दर घटेको दावी गरेको हो । बिहीबार नियमित पत्रकार सम्मेलन गर्दै मन्त्रालयका प्रवक्ता जागेश्वर गौतमले संक्रमित कम हुँदा परीक्षण घटेको बताए । "संक्रमित घटेपछि सम्पर्कमा आएको खोजी गर्न नपर्ने भएकाले परीक्षण कम भएको हो । क्वारेन्टिनमा बस्नेको संख्या पनि घटेको छ", उनले भने ।

अझ राजधानी उपत्यकामा आशंका गरिए जस्तो समुदाय स्तरमा संक्रमण नफैलिएको बताए । "विभिन्न स्थानबाट लिइएको चार हजार स्वाब मध्ये तीन जनामा मात्रै संक्रमण देखिएको छ । त्यो पनि एक जना उपत्यका बाहिरबाट आएका र बाँकी दुई जना मात्रै समुदायका थिए", उनले भने ।

बिहीबार १६७ जनामा थप संक्रमण देखिएको छ । मन्त्रालयले बितेको २४ घण्टामा देशभरिका २७ वटा प्रयोगशालामा चार हजार ९८१ जनाको नमूना परीक्षण गर्दा १६७ जनामा संक्रमण देखिएको हो । यो सहित संक्रमित संख्या १७ हजार ३४४ पुगेको छ ।

गएको २४ घण्टामा २१३ जना डिस्चार्ज भएका छन् । बिहीबारसम्म डिस्चार्ज हुनेको संख्या ११ हजार २४९ जना पुगेको छ । महामारीबाट ३९ जनाको मृत्यु भएको छ ।

देखिएका संक्रमित मध्ये बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा गरिएको परीक्षणमा झापाका दुई र सुनसरीका चार, कोशी अस्पताल विराटनगर प्रयोगशालामा झापाका दुई, उदयपुरका एक र इलामका ६, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला विराटनगरमा मोरङका तीन र ओखलढुङ्गाका १५ जना छन् ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरमा धनुषाका २६, नारायणी अस्पताल वीरगञ्जमा पर्साका दुई, बाराका एक र रौतहटका ६, भरतपुर अस्पताल प्रयोगशालामा धनुषाका एक, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा काठमाडौंका एक जनामा कोरोना कोरोना संक्रमण पुष्टि भएको छ ।

कीटजन्य रोग अनुसन्धान तालीम केन्द्र प्रयोगशाला हेटौंडामा नवलपरासी पूर्वका १७, रौतहटका ६ र मकवानपुरका तीन, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला पोखरामा बागलुङका दुई र स्याङजाका एक, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला रुपन्देहीमा रुपन्देही र प्यूठानका एक/एक तथा भेरी अस्पताल प्रयोगशाला नेपालगञ्जमा बाँकेका आठ, सुर्खेतका दुई, बर्दिया र दाङका एक/एक बाँकी पृष्ठ २ मा

# मनोनयनमा आपत्ति

**महाधिवेशन निश्चित भइसकेपछि सभापति शेरबहादुर देउवाले आचार संहिता बिपरीत विभिन्न विभागमा मनोनयन नरोकेको भन्दै बरिष्ठ नेता रामचन्द्र पौडेल समूहले आपत्ति जनाउँदै निर्वाचन समितिमा निवेदन दिएका छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन ।



आगामी फागुन ७ गतेबाट महाधिवेशन हुने निश्चित भएपछि पनि सभापति शेरबहादुर देउवाले मनोनयन नरोको भन्दै उनी इतर समूहले आपत्ति जनाएका छन् । एक वर्ष कार्यकाल बढाउँदै आगामी फागुनमा महाधिवेशन हुन लागेका बेला सभापति देउवाले नै आचार संहिताको पालना नगरेको बरिष्ठ नेता रामचन्द्र पौडेल पक्षधरले आरोप लगाएको छ ।

बिहीबार निर्वाचन समितिलाई पत्र लेख्दै बरिष्ठ नेता पौडेल, महामन्त्री शशांक कोइराला र कोषाध्यक्ष सितादेवी यादवले आपत्ति जनाएका छन् । १४औं महाधिवेशनको प्रक्रिया शुरु भइसकेका बेला सभापति देउवाले विभिन्न विभागमा मनोनयन गरेको उनी इतर समूहले आरोप लगाएका छन् । निर्वाचन समितिलाई लेखिएको पत्र सभापति देउवालाई बोधार्थ दिइएको छ ।

उक्त पत्रमा विधान र निर्वाचन आचार संहिता उल्लङ्घन गरिएकाले उक्त निर्णय नमान्ने चेतावनी दिएका छन् । निर्वाचनको सामान्य मान्यता र आचारसंहिता विपरीत मनोनयनहरु भएको पत्रमा उल्लेख छ । यस्ता मनोनयनले आसन्न महाधिवेशन अनुचित प्रभावमा पार्ने दुराशय राखिएको आरोप समेत लगाइएको छ । यस्ता कार्य तत्काल रोक्न बाँकी पृष्ठ २ मा

## नवीकरण समस्या समाधान
# संघद्वारा सबैप्रति आभार

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले अधिकांश वैदेशिक रोजगार व्यवसायीहरुको माग बमोजिम वार्षिकरुपमा एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका म्यानपावर कम्पनीहरुको ईजाजतपत्र नवीकरण हुने व्यवस्था गरेको भन्दै नेपाल सरकार, विभागीय मन्त्री तथा सरोकारवाला सबैलाई धन्यवाद दिएको छ ।

गत असार २९ गते बसेको मन्त्रिपरिषद् बैठकले वैदेशिक रोजगार ऐनको दफा ८२ मा रहेको बाधा अड्काउ फुकउन पाउने व्यवस्था बमोजिम वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका ईजाजतपत्रवाला संस्थाहरुको यस वर्षका लागि ईजाजतपत्र नवीकरण गरिदिने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रस्ताव पारित गरेको थियो ।

मन्त्रिपरिषद्बाट पारित प्रस्ताव अनुसार अघिल्ला दुई आर्थिक वर्षमा सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको नवीकरण गरिदिने र आगामी वर्षको नवीकरणका लागि २०७८ साल असार मसान्तसम्म दुई सय जना कामदार पठाएको हुनुपर्ने छ ।




मन्त्रिपरिषद्को निर्णय नेपाल राजपत्रमामा सार्वजनिक भएपछि कर्यान्वयनमा आउने छ, सम्भवत शुक्रवार उक्त निर्णय नेपाल राजपत्रमा प्रकाशित हुने श्रम मन्त्रालय स्रोतले बतायो ।

२०७५ फागुन १९ गतेदेखि लागू भएको वैदेशिक रोजगार ऐन २०६४ र गत वर्ष भदौ १ गतेदेखि लागू भएको वैदेशिक रोजगार (पाँचौं संशोधन) नियमावली अनुसार ईजाजतपत्रवाला संस्थाले वार्षिक एक सय जना कामदार पठाएको हुनुपर्ने प्रावधान थप भएको थियो । मन्त्रिपरिषद्बाट निर्णय नभएको भए कम्तीमा पाँच सय १२ म्यानपावर कम्पनीहरु नवीकरण हुन नसक्ने आँकलन थियो ।

बिहीबार संघको कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष विष्णुप्रसाद गैरेले संघले विगत डेढ वर्षदेखि राख्दै आएको माग पूरा भएको भन्दै सकारात्मक निर्णयका लागि निर्णय गर्ने नेपाल सरकार र त्यसका लागि पहल गर्ने सबै पक्ष धन्यवादका हकदार बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# खड्काले पनि दिए राजीनामा

**काठमाडौं/मस–** वैदेशिक रोजगार बोर्डको सदस्यमा मनोनित नेपाल स्वास्थ्य व्यवसायी महासंघका अध्यक्ष कैलाश खड्काले कार्य व्यस्तताका कारण जिम्मेवारी निर्वाह गर्न नसक्ने भन्दै राजीनामा गरेका छन् । मन्त्रालयले (मन्त्रीस्तरको निर्णय गरी) युवा व्यवसायी खड्कालाई वैदेशिक रोजगार ऐन २०६४ को दफा ३८ अनुसार असार १८ गते बोर्डको सदस्यमा मनोनयन गरेको थियो ।

उनीहरुको कार्यकाल निर्णय भएको मितिले दुई वर्ष हुने उल्लेख छ । व्यवसायी खड्काले बिहीबार बुझाएको राजीनामा पत्रमा विगतमा पनि तत्कालीन वैदेशिक रोजगार पवर्द्धन बोर्डमा आमन्त्रित विज्ञको रुपमा सदस्य रहेको र मन्त्रालयको विज्ञ समूहमा हाल पनि पदेन सदस्यको रुपमा रही आफुले गरेको योगदानलाई मुल्यांकन गरी बोर्ड सदसयमा नियुक्त गरिएकोमा वैदेशिक रोजगार बोर्डलाई पूर्ण सहयोग गर्ने मनशाय हुँदा हुँदै कार्यव्यस्तता एवं समयाभावका कारण निरन्तरता दिन नसकिने हुँदा राजीनामा दिएको उल्लेख गरेका छन् ।

यसअघि सोही मितिमा बोर्ड सदसस्यमा मनोनित बाँकी पृष्ठ २ मा

छोरा र छोरीलाई समान व्यवहार गरौं, छोरीलाई पनि स्कूल पठाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# अदालतमा नयाँ प्रविधि

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन

सर्वोच्च अदालतले जिल्ला र उच्च अदालतमा आउने मुद्दालाई यसका प्रकृतिको आधारमा बर्गीकरण गर्ने पद्धति शुरु गरेको छ । सर्वोच्च अदालतले न्यायपालिकाको सुधारका प्रयासहरुलाई संस्थागत गर्ने उद्देश्यका साथ बिहीबारदेखि लागू हुने गरी पहिलो पटक मुद्दाको फरक व्यवस्थापन पद्धति 'डीसीएम' शुभारम्भ गरेको हो ।



प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरा तथा सर्वोच्च अदालतका न्यायाधीश, मुख्य रजिष्ट्रार, रजिष्ट्रारलगायतबाटले देशैभरका उच्च अदालत तथा जिल्ला अदालतमा भर्चुअल माध्यमबाट मुद्दाको फरक व्यवस्थापन पद्धतिको बिहीबार प्रारम्भ गरे । साउन १ गतेदेखि जिल्ला र आगामी भदौ १ गतेदेखि उच्च अदालतमा यो पद्धति लागू हुने तयारी छ ।

सो अवसरमा प्रधानन्यायाधीश जबराले १० वर्षदेखिको योजना सफल भएकोप्रति खुशी व्यक्त गर्दै छिटोछरितो, गुणस्तरीय र प्रभावकारी न्याय सम्पादनको माध्यमबाट न्यायमा सबैको सहज पहुँचको सुनिश्चितता गर्न यो पद्धति प्रभावकारी भएको बताए ।

उनले अदालतप्रतिको आस्था एवं विश्वास अभिवृद्धि गर्ने उद्देश्यले यो पद्धति लागू गरिएको स्पष्ट पार्दै अदालतमा आउने विवादको प्रकृति, विषयवस्तु, विवादित प्रश्न र निरुपण हुनुपर्ने विषय तथा विषयवस्तुको गाम्भीर्यता, कारवाहीमा लाग्ने समयका आधारमा मुद्दाहरु फरक-फरक प्रकृतिका हुने भएकाले फरक प्रकृतिका मुद्दाका लागि व्यवस्थापन पद्धति आवश्यक परेको बताए ।

प्रधानन्यायाधीश जबराले मुद्दाको आवश्यकता एवं सूचनाप्रविधिमा आधारित प्रभावकारी व्यवस्थापनको माध्यमबाट काम कारवाहीलाई पूर्वानुमान योग्य र छिटोछरितो बनाउने सैद्धान्तिक अवधारणाको जगमा यो पद्धतिको विकास भएकोसमेत जानकारी दिए । उनले सूचनाप्रविधिको प्रयोग र समयको अनुशासन नै यस पद्धतिको मूल आत्मा भएकाले यसको सफल कार्यान्वयनका लागि सरोकारवाला निकायबाट सार्थक र अर्थपूर्ण सहयोगको अपेक्षा गरिएको बताए ।

सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार नृपध्वज निरौलाले मुद्दाको फरक व्यवस्थापन पद्धतिको कार्यान्वयनले न्यायिक प्रक्रियालाई पूर्वानुमानयोग्य, पक्षहरुको सक्रिय सहभागिताको अवसर तथा सफट्वेयर प्रणालीबाट सञ्चालित भएकाले न्यायिक काम कारवाहीको नियन्त्रण र निरन्तर अनुगमनको अवसरको समेत सिर्जना गर्ने बताए ।

जिल्ला अदालतहरुमा दर्ता हुने सबै प्रकारका मुद्दामध्ये शुरु कारवाही हुने मुद्दाका लागि सरल, सामान्य र विशेष गरी तीनवटा र जिल्ला अदालतमा दर्ता हुने पुनरावेदनका लागि दुई वटा गरी मार्ग समूह निर्धारण गरिएको छ। जसअनुसार जिल्ला अदालतमा शुरु कारवाही हुने मुद्दाहरु छ महिनादेखि बढीमा १८ महिनाभित्र र पुनरावेदनहरुमा छ महिनादेखि बढीमा १२ महिनाभित्र फैसला गरिसक्नुपर्नेछ ।

उच्च अदालतहरुमा दर्ता हुने मुद्दामध्ये विभिन्न प्रकारका मुद्दाहरुका सरल, सामान्य र विशेष गरी तीन वटा मार्ग समूह रहने व्यवस्था गरिएको छ । यसले उच्च अदालतमा सरकारवादी पुनरावेदन र सरकारवादी हुने शुरु मद्दा छ महिनादेखि बढीमा १८ महिनाभित्र र अन्य मुद्दा छ महिनादेखि बढीमा १२ महिनाभित्र फैसला गरिसक्नुपर्ने व्यवस्था गरिएको छ ।

यो पद्दति कार्यान्वयनका लागि सर्वोच्च अदालतको सूचना प्रविधि माहाशाखाले सफ्टवेयर निमार्ण गरेको छ। उक्त सफ्टवेयर सञ्चालनका लागि सीप हस्तान्तरण, जिल्ला तथा उच्च अदालतमा मुद्दा प्रवाह व्यवस्थापनसम्बन्धी एकीकृत सफ्टवेयरसमेत तयार पारिसकेको छ ।

सञ्चालन हुने पद्धतिले मुद्दाको प्रकृति तथा विवादमा निहित रहेको कानुनी प्रश्न तथा विषयवस्तुको गाम्भीर्यतासमेतका आधारमा विभिन्न मार्ग समूहमा विभाजन र कार्यतालिका तयार गरी सम्बन्धित पक्षलाई उपलब्ध गराउने र सोहीअनुसार न्याय सम्पादन कार्य गरिनेछ ।

# पदाधिकारी नियुक्त गर्न सरकारको ध्यानाकर्षण

**काठमाडौं/मस-** संवैधानिक आयोगहरु गठन भएको लामो समय वितिसक्दा समेत पदाधिकारी चयन नहुदा गाडी खरिद बाहेक कुनै काम हुन सकेको छैन । २०५८ सालमा गठन भएको राष्ट्रिय दलित आयोगको आर्थिक वर्ष ०७५/०७६ मा १४ वटा सवारी साधन खरिद गर्न बाहेक अरु प्रगति देखिएन ।



पदाधिकारीविहीन रहेको दलित आयोगले सो आर्थिक वर्षमा ६ वटा जीप ७ वटा मोटरसाइकल र १ वटा साइकल किनेको तथ्यांक छ । फर्निचर १७ थान, एसी, सोलार भ्याकुम ४ थान खरिद गरिएको सचिव कृष्ण प्रसाद धितालले बताए । पदाधिकारी नहुँदा उद्देश्य अनुसार काम गर्न नसकिएको उल्लेख गर्दै उनले आयोगको आफ्नो भवन नहुँदा समेत समस्या भएको बताए ।

आदिवासी जनजाति आयोगको अवस्था झन दयनिय छ । एक जना निमित्त सचिवको भरमा सञ्चालनमा रहेको आयोगले आफ्नो वार्षिक प्रतिवेदन समेत बनाउन सकेको छैन । संसदको महिला तथा सामाजिक समितिमा भएको छलफलमा आयोगका निमित्त सचिव पवित्रप्रकाश शाहले आयोगका लागि ७ वटा गाडी खरिद गरिएको बताए। प्रिन्टर ३, ल्यापटप र कम्प्युटर ३–३ थान, एसी ५ थान खरिद गरेको उनले बताए ।

सांसदहरुले पदाधिकारी नै नभएका आयोगमा गाडी किन्न रकम खर्च भएपनि कार्यक्रम किन नभएको भन्दै प्रश्न गरेका थिए । सांसद गंगा चौधरीले पदाधिकारी छैनन् भन्दैमा कर्मचारीहरुलाई झिंगा धपाउन पठाइएको हो प्रश्न गरे । गाडी किन्नलाई कसैलाई सोध्न नपर्ने आयोगले काम गर्न किन सकेनन् भन्दै उनले कर्मचारीहरु कार्यालयमा झिंगा धपाउन नियुक्त भएका हुन भन्दै आक्रोश व्यक्त गरे ।

सांसद विमला नेपालीले पदाधिकारी नहुँदा गाडी गर्न हुने कायर्म गर्न किन नहुने भन्दै प्रश्न गरिन् । गाडी किन्ने बजेटले रुकुम, जुम्लाम गएर कार्यक्रम किन नगरेको भन्दै उनले प्रश्न गरिन् । सांसद लक्ष्मी परियारले गठन भएको लामो समयसम्म पनि पदाधिकारी नियुक्त गर्न नसक्नु सरकारको कमजोरी भएको बताइन् ।

समितिले पदाधिकारीको शून्यतामा नीतिगत निर्णयहरु हुन सक्ने अवस्थामा नरहेकाले तत्काल पदाधिकारी नियुक्त गर्न सरकारको ध्यानाकर्षण गराएको छ । प्रयोग नै नुहने भौतिक सामग्री संग्रह गर्नुभन्दा समुदायको लाभको विषयमा केन्द्रित भएका कार्यसम्पादन गर्न दुबै आयोगलाई निर्देशन दिइएको समिति सभापति निरुदेवी पालले बताइन् ।

आफ्नो समुदायको उत्थानका लागि गठन भएका आयोगहरुले अहिलेसम्म एकीन तथ्यांक समेत राख्न सकेका छैनन् । आफ्नो समुदायभित्र को को पर्छन् भन्ने विषयमा अध्ययन गरी शीघ्र सूचीकरण गर्न र सरकारलाई सिफारिस गर्न समितिले दुबै आयोगलाई निर्देशन दिएको छ ।

# श्रमजीवी पत्रकार विरोधी कदम रोक्न माग




**काठमाडौं/मस-** नेपाल न्यूज नेटवर्क इन्टरनेशनल प्रालिअन्तर्गत प्रकाशित 'अन्नपूर्ण पोष्ट' दैनिक, केन्द्रीय कार्यालयमा कार्यरत श्रमजीवी पत्रकारलाई जागीरबाट हटाउने उद्देश्यले सरुवा गरिएको भनी नेपाल पत्रकार महासङ्घले विरोध गरेको छ । विश्वभर फैलिएको कोभिड-१९ को समेत ख्याल नगरी गलत मनसायबाट अन्नपूर्ण पोष्टमा कार्यरत विकास कार्कीलाई कैलाली, विश्वराज खनाललाई इलाम, सुशील पोखरेललाई दार्चुला, डिल्लीराज उपाध्यायलाई हुम्ला, दीपकराज घिमिरेलाई रोल्पा र गोविन्द देवकोटालाई मनाङ सरुवा गरिएकामा महासङ्घले असहमति जनाएको छ ।

'गलत मनसायबाट गरिएको सरुवा तीन दिनभित्र बदर गरी पूर्ववत् काममा नफर्काए एवं शतप्रतिशत तलबसहित श्रमजीवी पत्रकार ऐनअनुसार सेवासुविधा भुक्तानी नगरिए आगामी आइतबार महासङ्घले श्रमजीवी पत्रकारको बृहत् उपस्थितिसहित अन्नपूर्ण पोष्ट घेराउ गर्दै कठोर आन्दोलन घोषणा गरिने स्पष्ट पार्न चाहन्छौं,' महासङ्घद्वारा जारी विज्ञप्तिमा भनिएको छ । महासङ्घले गत असार ३ गते पत्रकारलाई पूरा तलब दिन, बेतलबी बिदामा बस्न बाध्य नपार्न र राजीनामा दिन बाध्य पार्ने कार्य तत्काल रोक्न गरिएको आग्रहलाई पूर्ण बेवास्ता गरिएकामा आपत्तिसमेत प्रकट गरेको छ ।

# महिलामाथि कुटपिट गर्ने दुई प्रहरी निलम्बित




**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, १ साउन

रूकुम पश्चिममा महिला माथि कुटपिट गर्ने दुई जना प्रहरी निलम्बित भएका छन् । प्रहरीले जिल्लाको आठबिसकोट नगरपालिका ९ की स्थानीय नेहा बिष्टमाथि लाठीचार्ज गर्ने दुई जना प्रहरीलाई निलम्बन गरेको हो ।

गत जेठ १ गते छिमेकी जिल्ला जाजरकोटबाट मदिरा सेवन गरि रुकुम पश्चिमको आठबिसकोट नगरपालिका प्रवेश गरेकी बिष्टलाई नियन्त्रणमा लिने क्रममा प्रहरीले लाठीचार्ज गरि दुर्ववहार गरेको भिडियो असार २३ गते सामाजिक सञ्जालमा सार्वजनिक भएपछि उक्त घटनाको छानबिनका लागि जिल्ला प्रहरी कार्यालय रुकुम पश्चिमका प्रहरी निरीक्षक कविराज रोकाको नेतृत्वमा चार सदस्यीय छानबिन समिति गठन गरिएको थियो ।

छानबिन समितिले कर्णाली प्रदेशमा बुझाएको प्रतिबेदनका आधारमा ईलाका प्रहरी कार्यालय रुकुम पश्चिमका प्रहरी हवलदार पृथ्वी बहादुर आग्रीसहित घटनामा संलग्न दुई जनालाई निलम्बन गरिएको प्रदेश प्रहरी कार्यालय कर्णाली प्रदेश सुर्खेतले मध्यान्हलाई जानकारी दिएको छ ।

बिष्टलाई नियन्त्रणमा लिने क्रममा अमानवीय ढंगले कुटपिट गरी दुर्व्यवहार गरेको भन्दै नगरपालिकाकी महिला नगर प्रहरी निर्मला विकलाई नगरपालिकाले यसअघि नै निलम्बन गरिसकेको छ ।

# नवलपरासीमा १ लाख ६८ हजारको अवैध सामान नियन्त्रणमा

**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, १ साउन

नवलपरासीको विभिन्न ठाउँहरुबाट १ लाख ६८ हजार ५ सय ५० रुपया बराबरका अवैध मालसमान प्रहरीले नियन्त्रणमा लिएको छ। बिहीबार रामग्राम नगरपालिका वडा नं. ४ इमिलीटोलबाट भारतबाट अवैधरुपमा ल्याउदै गरेको १७ हजार ९ सय बराबरको एक बोरा ९ थान लेडिज सुट जिल्ला प्रहरी कार्यालयबाट खटिएका गस्ती टोलीले नियन्त्रणमा लिएको हो ।



यसैगरी प्रतापपुर गाउँपालिका वडा नं. ५ नजिकै भारतीय सीमा क्षेत्रमा उखुबारीमा लुकाई छिपाई राखेको अवस्थामा १६ हजार बराबरको ४ बोरा मटर (केराउ) साथै ६ हजार बराबरको ६ बोरा युरिया मल ईलाका प्रहरी कार्यालय बेलाटारीले नियन्त्रणमा लिएको हो।

यसैगरी बिहीबार दिउँसो सरावल गाउँपालिका वडा नं. ७ बुलन्दपुरबाट भारतबाट मोटरसाईकलमा अवैधरुपमा ल्याउदै गरेको १ लाख २८ हजार ६ सय ५० रुपया बराबरको बिभिन्न लेडिज कपडा सीमा प्रहरी चौकी महेशपुरले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका सुचना अधिकारी राजु लामाले जानकारी दिए । बरामद गरिएको सामान आवश्यक कारवाहीको लागी महेशपुर भन्सार कार्यालय बुझाइएको प्रहरीले जनाएको छ ।


# फुल्पिङकट्टी पहिरोबाट दुईको मृत्यु, तीन बेपत्ता

**चौतारा/मस-** सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका वडा नं ४ फुल्पिङकट्टीमा आज बिहान २ बजे आएको पहिराबाट एकै परिवारका दुई जनाको मृत्यु भएको छ। अन्य तीन जना बेपत्ता भएका छन् ।

मृत्यु हुनेमा ३४ वर्षीया निमास्याङ्बो शेर्पा र १६ वर्षीया आङ्जी शेर्पा छन् । बेपत्ता भएका चौरासी वर्षीया सोमबुटी शेर्पा, ४८ वर्षीया सोमसाङ शेर्पा र १२ वर्षीया छिरिङ शेर्पाको खोजी भइरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए । मृत्यु हुनेमा स्थानीयवासी ग्याल्जेन शेर्पाका श्रीमती र छोरी हुन् । उनकी आमा, बहिनी र छोरी बेपत्ता भएका हुन् । ग्याल्जेन भने काठमाडौंमा बस्दै आएकाले बाँच्न सफल भएको वडाध्यक्ष सानदोर्जे शेर्पाले बताए ।

पहिराले एक घर र एक विद्यालयमा क्षति पुगेको, अन्य १८ घर उच्च जोखिममा रहेको तथा ६० परिवार विस्थापित भएको बताइएको छ। आज बिहान पानी परिरहेको र ठाउँठाउँका बाटो बिग्रेकाले स्थानीय नारायणस्थानमा रहेको प्रहरीचौकीबाट घटनास्थलमा तीन घण्टा पैदल यात्रापछि प्रहरी पुगेको थियो । बेपत्ताको नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र स्थानीयवासीद्वारा खोजी जारी रहेको प्रहरीले जनाएको छ ।

# व्यवसायी कार्कीलाई पितृ शोक



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी बेनुप्रसाद कार्कीलाई पितृ शोक परेको छ । राजधानीको शान्तिनगरस्थित कञ्चनजङ्गा प्रा.लि.का सञ्चालक कार्कीका पिता पदमबहादुर कार्कीको ९३ वर्षको उमेरमा बिहीबार बिहान झापा विर्तामोडस्थित आफ्नै निवासमा निधन भएको हो। स्वर्गीय कार्कीका श्रीमती, ४ छोरी र ४ छोरा छन् ।

# कमल घिमिरेको 'लाहुरेकी छोरी' सार्वजनिक

**काठमाडौं/मस-** कमल घिमिरे र रञ्जना थापा मगरको 'लाहुरेकी छोरी' बोलको तीज गीत सार्वजनिक भएको हो । गीतमा सुमी गिरी र अनिश खड्काको स्वर रहेको छ । लयरशब्द कमल घिमिरेको रहेको छ ।

गीतमा राजु महोत्राले निर्देशन गरेका छन् भने नृत्य निर्देशन सुवास बराललले गरेका छन्। त्यस्तै गीतको छायांकन र सम्पादन अनिश खड्काले गरेका छन् । गीतको म्युजिक भिडियोमा कल्पना घिमिरे'श्रेष्ठ', करिस्मा खड्का र बलालको अभिनय रहेको छ ।




## सरकारको ...

जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पीसीआर प्रयोगशाला दैलेखमा दैलेखका ६, चौरजहारी नगरपालिका प्रयोगशालामा रुकुम पश्चिमका एक, सुर्खेत प्रादेशिक अस्पताल प्रयोगशालामा सुर्खेतका एक, सल्यान र जाजरकोटका दुई/दुई, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा मुगुका एक, डडेल्धुरा अस्पतालमा डडेल्धुराका आठ तथा सेती प्रादेशिक अस्पताल धनगढीमा अछामका चार, कैलाली र कञ्चनपुरका १४/१४ र बझाङका एक जनामा कोरोना सङ्क्रमण पुष्टि भएको प्रवक्ता डा गौतमले जानकारी दिए ।

## मनोनयनमा...

माग राखिएको छ । "नेपाली कांग्रेसको तेह्रौं महाधिवेशन सम्पन्न भई चार वर्ष कार्यकालका लागि निर्वाचित कार्यसमितिको कार्यकाल गत फागुन महीनामा समाप्त भएपछि 'असाधारण परिस्थिति' भन्दै थपिएको अधिकतम एक वर्षको कार्यकाल पनि पाँच महीनामा लागिसकेको छ । पार्टीको १४ औं महाधिवेशनको कार्यतालिका दोहोऱ्याएर समेत सार्वजनिक भई महाधिवेशनको प्रक्रिया प्रारम्भ भइसकेको छ" निवेदनमा उल्लेख गरिएको छ, "पार्टीको विधानको धारा ६० मा पार्टीका सबै तहमा गठन गर्ने भनिएका विभाग समिति विभिन्न निकायहरुको महाधिवेशन सम्पन्न भएको ६ महीनाभित्र गठन सरिसक्नुपर्नेछ भन्ने बाध्यात्मक व्यवस्था भएको र बारम्बार ध्यानाकर्षण गराउँदा पनि विभिन्न विभागमा अहिले गठन गर्ने र सदस्यहरु मनोनयन गर्ने कार्य भइरहेकामा हाम्रो घोर आपत्ति छ।"

महाधिवेशनको स्वच्छता एवं निष्पक्षताका लागि पार्टी विधान र निर्वाचन आचार संहिता विपरीतका मनोनयन र नियुक्ति स्वीकार नगर्न आह्वान समेत गरिएको छ । "पार्टीका सम्पूर्ण तहका नेता कार्यकर्ता तथा शुभेच्छकलाई आग्रह गरिन्छ", निवेदनमा उल्लेख छ ।

## नवीकरण....

रहेको बताए। संघले श्रम मन्त्रालय, मन्त्री, वैदेशिक रोजगार विभाग, प्रधानमन्त्रीको कार्यालय, नेपाल सरकार मुख्यसचिवको कार्यालय, राजनैतिक दलहरु, राजनैतिक दलका पदाधिकारीहरु, वैदेशिक रोजगार व्यवसायी सम्बद्ध भई स्थापित भएका हाल संचालित सबै वैदेशिक रोजगार व्यवसायी संघ, समाज, संस्थाहरु, पत्रकार र कानून व्यवसायीहरुसमेतबाट सकारात्मक सहयोग भएको बताएको छ ।

संघका महासचिव सुजित कुमार श्रेष्ठले अघिल्लो वर्ष करिब १७ महिना श्रम मन्त्रालयले मलेसियाको रोजगारी बन्द गर्नु तथा गत वर्ष कोरोना महामारीका कारण फागुनदेखि नै वैदेशिक रोजगारका लागि श्रम स्वीकृति रोकिएका कारण अधिकांश म्यानपावर व्यवसायीहरुले सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएको अवस्थामा सो निर्णय आउनुले व्यवसायीहरुलाई तत्कालका लागि राहत भएको भन्दै वैदेशिक रोजगार सुधारका लागि समग्र वैदेशिक रोजगार ऐनमा नै संशोधन गरेर संख्याको समस्या सधैंका लागि हटाई व्यवसायीहरुले पाउनुपर्ने सेवा शुल्कमा परिमार्जन गरिनुपर्ने माग गरे ।

पत्रकार सम्मेलनमा स्वागत मन्तव्य राखेका संघका प्रथम उपाध्यक्ष कमल तामाङले मन्त्रिपरिषद्को निर्णयले ५ सय १२ व्यवसायीहरुको पेशा व्यवसाय गर्ने हक सुरक्षित भएको भन्दै वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या समाधान गर्न संघले सबै पक्षको सहयोग लिएर अगाडि बढ्ने बताए। पत्रकार सम्मेलनमा संघका सल्लाहकार तथा पूर्व अध्यक्ष विमल ढकाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनका अध्यक्ष नरेन्द्र प्रसाद ढकालसहित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो ।

मञ्चको पनि धन्यवाद

सत्तारुढ नेपाल कम्पुनिष्ट पार्टी (नेकपा) निकट वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपालले पनि वार्षिक रुपमा सय जना कामदार वैदेशिक रोजगारीमा पठाउन नपाएका म्यानपावर कम्पनीहरुको ईजाजतपत्र वैदेशिक रोजगार व्यवसायीहरुको माग बमोजिम नवीकरण हुने व्यवस्था गरेको भन्दै नेपाल सरकारलाई धन्यवाद दिएको छ ।

मञ्चका संयोजक राम प्रसाद भान्तना तथा सहसंयोजक राजेन्द्र भण्डारीद्वारा जारी धन्यवाद ज्ञापन वक्तव्यमा संख्या सयको समस्या निराकरणार्थ भएको प्रयासमा अहोरात्र खटिएको भन्दै मन्चद्वारा गठित 'सय संख्या समाधान समितिका संयोजक हरि बहादुर पाण्डे क्षेत्री र सदस्यहरु, राजनीतिक समस्या र संवाद समितिका संयोजक दिल प्रसाद पोखरेल र अन्य सदस्यहरु, व्यवसायीक सामाजिक उत्तरदायित्व अन्तर्गत बनेको आर्थिक समितिका संयोजक हेम बहादुर गुरुङ र सदस्यहरु, वैदेशिक रोजगार व्यवसायी संघका पूर्व अध्यक्षहरु र निवर्तमान अध्यक्ष, मञ्चका संस्थापक अध्यक्षदेखि वर्तमान अध्यक्षहरु, मञ्चको नेतृत्वदायी भूमिकामा रहेका अध्यक्षहरु, मञ्चका संयोजकलगायत सचिवालयको भूमिका विशेष साङ्गठनिक मुल्याङ्कन गरिएको उल्लेख छ ।

एक सय जना कामदार पठाउन नपाएका व्यवसायीहरुले नवीकरण गर्न पाएको अवस्थालाई अविस्मरणीय उपलब्धी भन्दै मञ्चले त्यसका लागि प्रमुख भूमिका खेल्ने सबै व्यक्तित्वहरुप्रति हार्दिक कृतज्ञताका साथै आभार व्यक्त गरेको छ। मञ्चले आगामी दिनहरुमा आईपर्ने वैदेशिक रोजगारका समस्या समाधाका लागि यस पटकजस्तै एकता र ऐक्यवद्धताको अपेक्षासहित व्यवसायिक मुद्दामा अडिग रहने प्रतिबद्धता व्यक्त गरेको छ । मञ्चले समस्या समाधनका लागि क्षेत्रीय, भेगिय, जातीय संघ संगठनका नेतृत्वहरुको भूमिका पनि अतुलनीय रहेको भन्दै सबैमा धन्यवाद व्यक्त गरेको छ। मञ्चले बिहीबार पत्रकार सम्मेलन गरी थप धारणा सार्वजनिक गर्ने बताएको छ ।

यस्तो छ निर्णय :

१. कोभिड-१९ संक्रमणका कारण इजाजतपत्रवालाले कामदार विदेश पठाउने प्रक्रिया अवरुद्ध भएकामा वैदेशिक रोजगार ऐन, २०६४ को दफा १३ को उपदफा (२) को खण्ड (घ२) र वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ८ को उपनियम (१) को खण्ड (क१) मा उल्लिखित व्यवस्था कार्यान्वयन गर्न बाधा परेकाले सोही ऐनको अधिकार प्रयोग गरी मिति २०७७/३/२९ मा नेपाल सरकार (मन्त्रिपरिषद्) को बैठकबाट देहायको बाधा अडकाउ फुकाउन आदेश जारी भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

(क) लगातार दुई वर्षसम्म वार्षिक एक सय जना कामदार पठाउन नसकेका ईजाजतपत्र प्राप्त संस्थाको ईजाजतपत्रसमेत आर्थिक वर्ष २०७७/०७८ को लागि नवीकरण गराउन आएमा नियमानुसार नवीकरण गरिदिने ।

(ख) खण्ड (क) बमोजिम नवीकरण भएका ईजाजतपत्र प्राप्त संस्थाको आर्थिक वर्ष २०७८/०७९ का लागि नवीकरण गर्दा त्यस्ता संस्थाले आर्थिक वर्ष २०७६/०७७ देखि सम्बत् २०७८ साल असार मसान्त भित्रमा कूल दुई सय जना कामदार पठाएको हुनुपर्ने ।

## खड्काले...

वरिष्ठ वैदेशिक रोजगार व्यवसायी हेम गुरुङले आफु यसअघि पनि बोर्ड सदस्यका रुपमा दुई वर्ष बिताइसकेको र स्वास्थ्य लगायतका कारण जिम्मेवारी वहन गर्न असमर्थ रहेको उल्लेख गर्दै राजनीमा दिएका थिए ।

# सदस्य सचिवका लागि २७ जनाको आवेदन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन

राष्ट्रिय खेलकुद परिषदको सदस्य सचिव पदमा २७ जनाले आवेदन दिएका छन् । युवा तथा खेलकुद मन्त्रालयले बनाएको सदस्य सचिव सिफारिस समितिले तोकेको म्याद बिहीबारसम्म २७ जनाले आवेदन दिएका हुन् । आवेदन दिनेमा निवर्तमान सदस्य सचिव रमेशकुमार सिलवालदेखि खेल क्षेत्रका विभिन्न व्यक्तिहरु रहेका छन् ।




नयाँ खेलकुद ऐन कार्यान्वयनमा आएपछि तत्कालिन सदस्य सचिव सिलवाल र अरु पदाधिकारीहरु स्वतः पदमुक्त भएका थिए । त्यसपछि नयाँ सदस्य सचिव चयनका लागि युवा तथा खेलकुद मन्त्रालयका सचिव रामप्रसाद थपलियाको संयोजकत्वमा ३ सदस्यीय सिफारिस समिति बनेको थियो । आवेदन दिनेमा रोशन महर्जन, अनिल अधिकारी, हर्कबहादुर राई, मीना श्रेष्ठ, शिवराज भट्ट, लिलबहादुर थापा मगर, रवि राजकर्णिकार, अच्युतम लामिछाने, निलम सिंह बज्राचार्य, रमेशकुमार सिलवाल, मेघराज पौडेल, रामेश्वर श्रेष्ठ, अच्युत खनाल, मनबहादुर गुरुङ रहेका छन् ।

त्यस्तै विजयकुमार राई, सानुराजा केसी, किशोर शाही, अञ्जु श्रेष्ठ, सुदिल शाही, रमेशमान डंगोल, ध्रुवराज न्यौपाने, खेमराज अधिकारी, राम पुडासैनी, सुनील नकर्मी, रणबहादुर चन्द, दीपेन्द्र ढकाल र तेजबहादुर गुरुङले पनि सदस्य सचिव पदमा आवेदन दिएका छन् ।

आवेदन दिएकामध्येबाट सिफारिस समितिले ३ जनाको नाम मन्त्रिपरिषदमा सिफारिस गर्नेछ । त्यसपछि मन्त्रिपरिषद बैठकले सदस्य सचिव नियुक्त गर्नेछ । सिफारिस समितिले प्राप्त भएका निवेदनका आधारमा तीन जनाको नाम मन्त्रालयमा पेश गर्ने छ । मन्त्रालयमा पेश भएको तीन जनाको नामावली युवातथा खेलकुदमन्त्रीले मन्त्रिपरिषद् बैठकमा पेश गरेपछि मन्त्रिपरिषद्को बैठकले नियुक्त गर्ने छ । सम्भवतः सोमबार बस्ने नियमिति मन्त्रिपरिषद् बैठकले नियुक्त गर्ने छ ।

# विशिष्ट प्रयोगकर्ताका ट्वीटर खाता असुरक्षित



**सानफ्रान्सिस्को, एएफपी**–विश्व प्रसिद्ध सामाजिक सञ्जाल ट्वीटरले आफ्ना प्रयोगकर्ताहरुका खाता (अकाउन्ट) ह्याकिङका विषयमा अनुसन्धान शुरु गरेको जनाएको छ । चर्चित व्यक्तित्व इलोन मस्कदेखि अमेरिकी पूर्व उपराष्ट्रपति जो बाइडेनसम्मका अकाउन्ट ह्याक भएका थिए ।

ट्वीटरका अनुसार ह्याकरहरुले ट्वीटरका कर्मचारीका अकाउन्ट ह्याक गरी आन्तरिक प्रणालीमा पहुँच हासिल गर्ने प्रयास गरेका थिए । साथै एप्पल, उबर, केन्ये वेस्ट, बिल गेट्स, बाराक ओबामा र अरु धेरै विशिष्ट व्यक्तिका आधिकारिक अकाउन्टबाट बिट्क्वाइन नामको क्रिप्टोकरेन्सी सम्बन्धी जानकारी ट्वीट गरिएको थियो । ट्वीटरले भनेको छ, 'केही व्यक्तिले हाम्रा कर्मचारीका अकाउन्ट ह्याक गरी ट्वीटरको आन्तरिक प्रणालीमा पहुँच हासिल गरेका र यो संगठित सामाजिक इन्जिनियरिङ आक्रमण हो भन्ने हामीले विश्वास लिएका छौं ।'

आक्रमणकारीले उच्चपदस्थ र सामाजिक रुपमा सुपरिचित व्यक्तिका अकाउन्ट ह्याक गरेर पहुँच बनाउन खोजेको ट्वीटरको भनाई छ । ह्याकरले अरु के कस्ता बदमासी गरेका छन् वा सूचनामा के कस्तो पहुँच कायम गरेका छन् भन्ने बारेमा हामी खोजी गरिरहेका छौं, ट्वीटरले भनेको छ ।

ह्याक गरिएका व्यक्तिका अकाउन्टबाट बिट्क्वाइनको कारोबार गर्दा दोब्बर फाइदा पुग्ने जस्ता सन्देशहरु प्रवाह भएका थिए ।

३० मिनेटभित्र १,००० डलरको एउटा बिट्क्वाइन खरिद गरे दोब्बर रकम पाइने भन्दै अरु मानिसलाई इमेल समेत पठाइएका थिए । ट्वीटरका प्रमुख कार्यकारी ज्याक डोर्सेले एक ट्वीट गर्दै ट्वीटरमा यो दिन निकै कठिनाइपूर्ण रहेको बताएका छन् । उहाँले यस घटनाका बारेमा तथ्यहरुको जाँच गरिसकेपछि सम्पूर्ण विवरण सार्वजनिक गरिने पनि जानकारी गराएका छन् । अमेरिकी राष्ट्रपतिका उम्मेदवार जो बाइडेनको चुनावी अभियानले ह्याक भएको बाइडेनको अकाउन्ट बन्द गरेको जनाएको छ । तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको खाता भने ह्याक गरिएको छैन ।

उनका करिब आठ करोड ३० लाख फलोअर्स छन् । अमेरिकी सञ्चार माध्यम भाइसले ट्वीटरका कर्मचारीकै लापरवाहीका कारण ह्याकरहरु ट्वीटरको आन्तरिक प्रणालीमा प्रवेश गरेको बताएको छ । ह्याकिङमा संलग्न रहेको दाबी गर्ने एक व्यक्तिले आफूहरुले ट्वीटरका कर्मचारीलाई रकम दिएको बताएका छन् । साइबर-सुरक्षासँग सम्बन्धित कार्य गर्ने सोसलप्रुफसेक्युरिटीले पनि ट्वीटरका कर्मचारीको प्रशासनिक पहुँचलाई ह्याकरले प्रयोग गरेको बताएको छ ।

यसैबीच, बिट-टोरेन्टका कार्यकारी प्रमुख जस्टिन सनलाई ट्वीटरका ह्याकरलाई कानुनी कठघरामा ल्याए १० लाख अमेरिकी डलर पुरस्कार दिइने प्रस्ताव गरिएको खबर सार्वजनिक भएको छ । ट्वीटरमाथि विगतमा पनि ह्याकरहरुले आक्रमणको प्रयास गरेका थिए । मार्च २०१७ मा एम्नेस्टी इन्टरनेसनल, फ्रान्सेली अर्थ मन्त्रालय र बिबिसीको उत्तर अमेरिकी सेवाका अकाउन्टहरु ह्याक गरिएका थिए । यी ह्याकरहरु टर्कीका राष्ट्रपति रिसेप तायिप एर्डोगानका समर्थक रहेको विश्वास गरिएको थियो । गत अगस्टमा पनि ट्वीटरका संस्थापक डोर्सेको निजी अकाउन्टबाट उहाँको जानकारी बेगर नै गलत एवं भ्रामक सन्देशहरु शृंखलाबद्ध रुपमा प्रवाहित भएका थिए ।

# युथ ओलम्पिक ४ वर्षपछि मात्रै हुने




**काठमाडौं, एजेन्सी**– सन् २०२२ मा सेनेगेलमा आयोजना हुने भनिएको युथ ओलम्पिक प्रतियोगिता चारवर्ष पछि सरेको छ । अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी) र सेनेगलले युथ ओलम्पिक खेल २०२६ मा सार्न सहमत भएका हुन् ।

विश्वभर कोरोनाभाइरस महामारीको कारण अहिले ठूला खेलकुद गतिविधि प्रभावित भइरहेको बेला २०२० मा हुने युथ ओलम्पिक पनि सरेको हो ।

प्रतियोगिता सरेपछि आयोजक आईओसी र नेशनल ओलम्पिक कमिटीहरुलाई प्रतियोगिताको तयारी गर्ने थप अवसर मिलेको छ । यस्तै सेनेगलका लागि पनि अझै राम्रो तयारी गर्ने अवसर मिलेको छ ।

सन् २०१८ मा आईओसीले सेनेगलमा २०२२ मा डाकार युथ ओलम्पिक गर्ने निर्णय गरेको थियो । प्रतियोगिता सरेपछि अब यसले धेरै युवा खेलाडीहरुलाई भने असर गर्नेछ । युथ ओलम्पिक गेम्समा संसार भरका १४ देखि १८ वर्ष सम्मका खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

# अमेरिकन एयरलाइन्सले २५ हजार कर्मचारी कटौती गर्ने




**वासिङ्टन, एजेन्सी**– अमेरिकन एयरलाइन्सले अग्रपङ्क्तिमा रहेर काम गर्ने झण्डै २५ हजार कर्मचारीलाई रोजगारीबाट निकाल्ने चेतावनी दिएको छ । कोरोनाभाइरसको महामारीका कारण सेवा प्रवाहमा अत्यधिक कमी आएकाले कर्मचारीहरु कटौती गर्नुपर्ने बाध्यता रहेको कम्पनीले जनाएको छ ।

निस्काशित हुन लागेकामध्ये झण्डै २९ प्रतिशत कर्मचारीहरु अमेरिकी रहेको पनि कम्पनीका अधिकारीहरुले जानकारी दिएका छन् ।

पदमुक्त हुन लागेका कर्मचारीहरुलाई दुई बर्षभन्दा बढीको विदा लिन वा अग्रिम अवकास लिन आग्रह पनि गरिएको छ । 'कोरोनाभाइरसबाट सङ्क्रमितहरुको सङ्ख्या घटेको छैन, कतिपय राज्यहरुले निषेधात्मक व्यवस्थाहरुलाई फेरि सक्रिय बनाउन थालेका छन्, त्यसैले तत्काल पर्याप्त हवाई सेवा सञ्चालनमा आउने देखिदैन,' कम्पनीका प्रमुख कार्यकारी अधिकृत डोङ पार्कर र अध्यक्ष रोबर्ट इसोमले भने ।

कम्पनीले जुन महिनासम्ममा ८० प्रतिशतभन्दा बढी आम्दानी घटेको जानकारी दिएको समाचारमा उल्लेख गरिएको छ ।

# इरानमा आतंकवादी आक्रमण, दुई जनाको मृत्यु

**तेहरान, रासस**– इरानको पश्चिमी प्रान्त कुर्दिस्तानमा 'प्रतिक्रान्तिकारी समूह'को 'आतंकवादी' आक्रमणमा दुई व्यक्तिको मृत्यु हुनुका साथै एक जना घाइते भएका छन् ।



इरानी समाचार संस्था इर्नाले बुधबार राति आतंकवादी आक्रमणमा दुई जनाको मृत्यु भएको जनाएको छ । इरानी क्रान्तिकारी गार्डले प्रकाशन गरेको वक्तव्यमा बोल्बार गाउँनजिक उत्त आक्रमण भएको उल्लेख छ ।

तर आक्रमणमा जिम्मेवार समूहको नाम भने उल्लेख गरिएको छैन । विगत ४० वर्षभन्दा बढीदेखि इरानले कुर्दिस लडाकूसँग संघर्ष गरिरहेको छ । कुर्दिस लडाकूहरुले छिमेकी मुलुक इरानको कुर्दिस्तानमा आधार खडा गरी इरानी सेना र इरानी कार्यालयहरुमाथि आक्रमण गर्ने गरेका छन् ।

# भिमाद रंगशालामा शौचालय निर्माण



**तनहुँ, रासस**–तनहुँको भिमाद नगरपालिका-६ स्थित क्याम्पस रोड नजिकै निर्माण गरिएको भिमाद रङ्गशालामा शौचालय निर्माणकार्य सम्पन्न भएको छ । जिल्लाकै ठूलो दाबी गरिएको भिमाद रङ्गशाला भवन निर्माणपछि शौचालय निर्माण गरिएको हो । शौचालय निर्माणपश्चात उक्त क्षेत्रमा खेलकूदका लागि आउनेका लागि सहज भएको छ । गण्डकी प्रदेश सरकारको रु २५ लाखको लागतमा उक्त शौचालय निर्माण गरिएको हो ।

शौचालय निर्माणका लागि स्थानीय प्रगति टोल विकास संस्था, भिमाद युवा क्लब र जन शान्तिनगर युवा क्लबको सक्रिय सहयोग रहेको शौचालय निर्माण गरिएको निर्माण समितिका अध्यक्ष उज्ज्वल खनालले जानकारी दिए । युरिनोसहित महिला, पुरुष र अपाङ्गतामैत्री शौचालय निर्माण गरिएको हो । उनले भने, 'शौचालयको माथिल्लो तलामा भिमाद नगर खेलकूद विकास समितिको कार्यालय निर्माण गर्ने तयारी भइरहेको छ ।'

खेल खेल्नका लागि रङ्गशालामा आउने खेलप्रमीका लागि शौचालय नहुँदा अन्यत्र भौतारिनुपर्ने अवस्था थियो । उनले भने, 'शौचालय निर्माणपश्चात समस्याको अन्त्य भएको छ ।' शौचालय भवन माथिल्लो तलामा खेलकूद विकास समितिको कार्यालय निर्माण गर्ने तयारी भइरहेको समितिका अध्यक्ष प्रेम थापाले बताए । भवन निर्माणपश्चात कार्यालयमा एक कार्यालय सहयोगी राखेर खेल्न आउने खेलाडीलाई आवश्यक खेल सामग्री उपलब्ध गराउने लक्ष्य रहेको उनले जानकारी दिए ।

समितिले खेल सामग्री निःशुल्करूपमा उपलब्ध गराउने छ । उनले भने, 'फुटबल, भलिबल, बास्केटबललगायत खेल सामग्री समितिले व्यवस्था गर्नेछ, खेल खेल्न आउने खेलाडीले कुनै पनि खेल सामाग्री ल्याउनु पर्दैन ।' भिमाद रङ्गशालामा निर्माण गरिएको प्यारापिट दुई हजार ५०० क्षमताको रहेको छ । करिब ७५ मिटर लामो दूरीमा नौवटा स्टेज निर्माण गरिएको छ । गण्डकी प्रदेश सरकारको रु ५० लाखको लागतमा उक्त रङ्गशाला निर्माण गरिएको हो । खेलकूद हेर्न आउने दर्शकका लागि बसेर हेर्न मिल्ने गरी उक्त प्यारापिट निर्माण गरिएको खनालले बताए ।

विसं २०७६ चैत १ मा सम्झौता गरी २०७७ जेठ १५ मा रङ्गशाला सम्पन्न गरेको हो । उक्त रङ्गशाला निर्माण भएपछि प्रदेशस्तरीय खेल प्रतियोगिताको लागि सहज हुने विश्वास गरिएको छ । प्रदेश सरकारद्वारा उक्त रङ्गशालाका लागि पुनः २५ लाख थप बजेट विनियोजन भइसकेको बताइएको छ ।

# चीनमा पछिल्ला तीन महिनामा ३.२ प्रतिशतले आर्थिक वृद्धि

**बेइजिङ, रासस**– कोरोनाभाइरसका कारण मन्दीतर्फ अग्रसर भएको चीनको आर्थिक स्थितिमा पछिल्ला तीन महिनामा व्यापक सुधार आएको छ ।

देशव्यापी रुपमा लकडाउनका कडा नियमहरु लागू गरेका कारण चीनको अर्थतन्त्रमा अघिल्लो तीन महिनामा व्यापक संकुचन आएको थियो । कोरोनाभाइरसको अनपेक्षित रुपमा चाँडो नियन्त्रण गर्न सफल भएको विश्वको दोस्रो ठूलो अर्थतन्त्र रहेको चीनको पछिल्ला तीन महिनामा अर्थतन्त्रमा व्यापक सुधार आएको अधिकारीहरुले बताएका छन् ।

चिनियाँ अर्थतन्त्रमा आएको सुधारले लकडाउनका कडा नियम लागू गरेका कारण आर्थिक मन्दीतर्फ अग्रसर कैयौं मुलुकलाई अनुकरणीय हुने देखिएको छ । चिनियाँ राष्ट्रिय तथ्याँक ब्यूरोले बिहीबार सार्वजनिक गरेको विवरणमा गत अप्रिल-जुन महिनाको अवधिमा कूल गार्हस्थ्य उत्पादन ३.२ प्रतिशतले वृद्धि भएको उल्लेख छ ।

पहिलो चौमासिक अवधिमा चीनको अर्थतन्त्रमा करिब ६.८ प्रतिशतको व्यापक गिरावट आएको थियो । तर अर्थतन्त्रको पूर्ण पुनरुत्थानका लागि भने केही समय लाग्नेछ । चिनियाँ खुद्रा बिक्रीमा भने पूर्वानुमानको तुलनामा केही घटेको छ । अघिल्लो वर्ष जुन महिनाको तुलनामा यस वर्ष खुद्रा बिक्रीमा १.८ प्रतिशतले कमी आएको छ ।

यसको अर्थ चीनमा कोरोनाभाइरस नियन्त्रणमा आएको देखिए पनि मानिसहरु बजारमा गएर सामान किन्न अझै हिच्किचाइरहेका छन् । ब्यूरोले नयाँ विवरण सार्वजनिक गरे पनि एसियाली शेयर बजारमा खुशी ल्याउन भने सकेन । शाङ्घाई र हङकङको शेयर बजार बिहीबार मध्याह्नसम्ममा झण्डै १ प्रतिशतले घटेको छ । एक्सीकर्पका रणनीतिकार स्टिफेन इन्सले मानिसमा आत्मविश्वास र उत्साह नआउँदासम्म उनीहरु बजारमा गएर सामान किन्छन् भन्न नसकिने बताए । चीनको अर्थतन्त्रमा खुद्रा क्षेत्रको महत्वपूर्ण भूमिका रहँदै आएको छ । चिनियाँ नेताहरुले पनि अर्थतन्त्रलाई गति दिन व्यापार र लगानीभन्दा खुद्रा क्षेत्रका परिसूचकलाई नियाल्ने गरेका छन् । चिनियाँ सामानको विदेशमा माग कमजोर रहेको अवस्थामा घरेलु उपभोगलाई तिब्रता दिने प्रचलन रहिआएको छ । तर इन्सका अनुसार माग भन्दा आपूर्तिलाई सामान्यीकरण गर्न सजिलो हुन्छ ।

अक्सफोर्ड इकनमिक्सका लुइज कुइजले घरयासी उपभोगको परिसूचक सर्वाधिक कमजोर रहेको बताए । उहाँले चीनको आर्थिक स्थितिमा सन् २०२० को मध्यपछि निकै सुधार हुने विश्वास व्यक्त गर्नुभयो । चीनको तथ्याँक ब्यूरोले शहरी बेरोजगारी जुनमा ५.७ प्रतिशतले बढेको जनाएको छ ।

अघिल्लो महिना यो ५.९ प्रतिशत थियो । औद्योगिक उत्पादन जुन महिनामा ४.८ प्रतिशतले वृद्धि भएको छ । मे महिनामा यस्तो उत्पादन ४.४ प्रतिशतले वृद्धि भएको थियो । बिहीबार बेइजिङमा आयोजित पत्रकार सम्मेलनमा ब्यूरोकी प्रवक्ता लिउ आइहुवाले चीनको अर्थतन्त्र निरन्तर सुधारोन्मुख रहेको बताए ।

# अजरबैजान–आर्मेनियाबीच सीमा क्षेत्रमा भिडन्त

**येरभान, एएफपी** – तत्कालीन सोभियत रुसबाट अलग भएका मध्य एसियाली राष्ट्रहरु अजरबैजान र आर्मेनियाबीच सीमा क्षेत्रमा बिहीबार पनि भिडन्त भएको छ । दुबै देशका सैन्य अधिकारीहरुले सीमा क्षेत्रमा भिडन्त भएको पुष्टि गरेका छन् । दुबै देशबीच एक दशकभन्दा लामो समयदेखि सीमा विवाद रहँदै आएको छ ।



अजरबैजानमा पृथकतावादी आन्दोलन चलिरहेको नागोर्नी काराबाख क्षेत्रलाई लिएर दशकौंदेखि विवाद कायम छ । गत आइतबारदेखि भड्किएको भिडन्तका कारण दुबै तर्फ कम्तीमा १६ जनाको मृत्यु भएको छ । नागोर्नी काराबाख क्षेत्रलाई सन् १९९० को दशकमा भएको युद्धमा आर्मेनियाली पृथकतावादीलाई आफ्नो नियन्त्रणमा लिएका थिए । यस युद्धमा करिब ३० हजारको ज्यान गएको थियो । तर काराबाखको उत्तरी सीमाक्षेत्रमा भिडन्त शुरु भएको हो ।

अजरबैजानका सेनाले आर्मेनियाली गाउँहरुमा बम हमला गरेका आर्मेनियाका रक्षा मन्त्रालयकी प्रवक्ता सुशान स्टेपानयानले बिहीबार जानकारी दिनुभयो । उहाँले अजरबैजानले हमला जारी राखेको बताए । आर्मेनियाको रक्षा मन्त्रालयले एक वक्तव्य जारी गरी आर्मेनियाली सेनाले अजरबैजानका गाउँहरुमा ठूल्ठूला हतियारको प्रयोग गरी हमला गरिरहेको जनाएको छ ।

बुधबार केही मत्थर भएको भिडन्त पुनः बिहीबार शुरु भएको थियो । गत सातादेखि पुनः शुरु भएको भिडन्तले रणनीतिक महत्वको ककेसस क्षेत्रमा तनाबको स्थिति उत्पन्न भएको छ । संयुक्तराज्य अमेरिका, युरोपेली युनियन र रसियाले दुबै पक्षलाई शान्ति कायम गर्न आह्वान गरेका छन् । अन्तर्राष्ट्रिय मध्यस्थतामा दुई ककेसस मुलुकहरुबीचको शान्ति वार्ता भएपनि दुबै मुलुकबीच भूमि विवाद जारी छ । ऊर्जाको धनी राष्ट्र अजरबैजानले काराबाख क्षेत्रलाई सैन्यबलको प्रयोग गरी नियन्त्रण कायम गर्ने धम्की दिइरहेको छ । आर्मेनियाले भने कुनै पनि किसिमको सैन्य आक्रमणलाई परास्त गरिछाड्ने बताइरहेको छ ।

# आसाममा बाढीबाट ५९ को मृत्यु

**आसाम, एएनआई**–भारतीय राज्य आसाममा परेको भारी वर्षा र त्यसपछिको बाढीका कारण यहाँ जनधनको ठूलो क्षति भएको बताइएको छ । आसाममा मात्र बुधबार रातिसम्म मृत्यु हुनेको संख्या ५९ पुगेको आसाम राज्यको विपद् व्यवस्थापन विभागलाई उद्धृत गर्दै भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

आसामका कम्तीमा पनि ३० जिल्लाका ४५ लाखभन्दा बढी मानिस बाढीबाट प्रभावित भएका बताइएको छ । ती मध्ये लाखौं व्यक्ति घरबारबिहीन पनि भएका छन् । तर यस विषयमा विस्तृत रुपमा विवरण भने आइसकेको छैन । बुधबार रातिसम्म बाढीमा परी आसामका ५९ जनाको मृत्यु भएको समाचारमा जनाइएको छ ।

बाढी आउने क्रम जारी रहेको समाचारमा उल्लेख छ । गएको मंगलबारदेखि अविरल रुपमा पानी परिरहेको र बुधबार रातिसम्म ती व्यक्तिको निधन भएको समाचारमा जनाइएको छ ।

आसामका मात्र ३० जिल्ला बाढीबाट प्रभावित भएका छन् । बाढीमा परी ४५ लाख ४० हजार जनाभन्दा बढी मानिसहरु प्रभावित हुन पुगेको जनाइएको छ । भारतीय सञ्चार माध्यमले जनाएअनुसार भारी वर्षासँगै आएको बाढीमा परी आसाममा मात्रै लाखौं मानिस घरबार बिहिन भएका छन् । ब्रह्मपुत्र र उसको सहायक नदीमा पानीको बहाब अझैपनि खतराको संकेत माथि छ । ब्रह्मपुत्र नदीले गुहावाटीसमेत राज्यका धेरै जिल्लामा ठूलो क्षति निम्ताएको छ

। राज्य सरकारले सचेत रहेर बस्न सूचना जारी गरेको छ । त्यस राज्यमा ४२६ ओटा उद्धार शिविरहरु स्थापना गरेर उद्धारको काम जारी राखेको छ । ती क्षेत्रमा भएको क्षतिको विवरण पूर्ण रुपमा अझै आएको छैन । उद्धारको काम जारी रहेको आसामका उद्धारकर्मीहरुले जनाएका छन् ।

# भारतमा एकै दिन थपिए साढे ३२ हजार बढी संक्रमित

**नयाँ दिल्ली, एएनआई**–भारतमा एकैदिनमा कोरोनाभाइरसबाट संक्रमित भएकाको संख्या ३२ हजार ६९५ पुगेको छ । यो संख्या अहिलेसम्मकै सबैभन्दा धेरै भएको अधिकारीले बिहीबार जानकारी दिएका छन् ।




केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले भारतमा पछिल्लो २४ घण्टामा ३२ हजार ६९५ संक्रमित भएको जनाएको छ । मन्त्रालयका अनुसार योसँगै भारतमा कुल संक्रमितको संख्या ९ लाख ६८ हजार ८७६ पुगेको केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बिहीबार जानकारी दिएको छ ।

त्यसैगरी भारतमा गत २४ घण्टामा कोरोनाका कारण ६०६ जनाको मृत्यु भएपछि कोभिड १९ बाट मृत्यु हुनेका संख्या २४ हजार ९१५ पुगेको छ । भारतमा अहिले पनि संक्रमित अवस्थामै रहेकाहरुको संख्या ३ लाख ३१ हजार १४६ रहेको छ भने ६ लाख १२ हजार ८१५ जना संक्रमणमुक्त भइसकेका छन् । भारतमा महाराष्ट्र राज्य अत्यन्त प्रभावित भएको छ ।

यहाँ संक्रमितको संख्या २ लाख ७५ हजार ६४० पुगेको छ । तीमध्ये १० हजार ९२८ जनाको मृत्यु भइसकेको छ । त्यसैगरी कोरोनाबाट दोस्रो धेरै प्रभावित भएको तमिलनाडु राज्यमा १ लाख ५१ हजार ८२० संक्रमित हुँदा २ हजार १६७ जनाको मृत्यु भएको छ । केन्द्रीय राजधानी समेत रहेको दिल्ली राज्यमा पनि १ लाख १६ हजार ९९३ जना संक्रमित भएका छन् ।

# २० लाख रुपैयाँसम्मको कर चुक्ता प्रमाणपत्र बैंकबाटै पाइने सुविधाको सुरुवात

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ साउन

आन्तरिक राजश्व विभागले २० लाख भन्दा कम कारोबार गर्ने र २ लाख सम्मको आम्दानी गर्ने करदाताका लागि नयाँ कर प्रणालीको शुरुवात गरेको छ। नयाँ प्रणालीको उद्घाटन गर्दै अर्थमन्त्री डा. युवराज खतिवडाले करदातालाई सम्मानजनक व्यवहार गर्न आन्तरिक राजश्व विभागका कर्मचारीहरुलाई निर्देशन दिए। अर्थमन्त्री खतिवडाले करदातालाई सम्मानजनक व्यवहार गर्न निर्देशन दिदै जबसम्म प्रविधि, कानून र सुशासनका कारणले करदाता मैत्री वातावरण निर्माण गर्न सकिदैन तबसम्म करदाताले अपमानित महसुस गर्ने भएकाले करदातालाई गरिने व्यवहारमा सुधार ल्याउन आग्रह गरे। उनले बिहीबारदेखि लागू भएको नयाँ कर प्रणालीमा करका अंक, ब्याज र जरिवाना सफ्टवेरले नै गणना गर्ने भएकाले कर अधिकृतले स्वविवेकले करका अंकहरु गणना गर्ने अवस्थाको अन्त्य भएको बताए। यस्तै करको रकम यकिन भइसकेपछि पनि कर बुझाउन निकै लामो झण्झटिलो प्रक्रियामा




जानुपर्ने अवस्थाको पनि अन्त्य भएको अर्थमन्त्री खतिवडाले बताए। अर्थ मन्त्रालयका राजश्व सचिव रामशरण पुडासैनीले बिहीबारदेखि लागू भएको कर प्रणालीले साना करदाताको लागत घटाउन सहयोग पुग्ने बताए। नयाँ प्रणालीले करिब ५ लाख करदाता लाभान्वित हुने उनले बताए। यसबाट करदाताको सहभागिता बढाउन सहयोग पुग्ने विश्वास पुडासैनीले गरे। आन्तरिक राजश्व विभागका महानिर्देशक विनोदबहादुर कुँवरले आन्तरिक राजश्व विभागका सबै कारोबारलाई प्रविधि मैत्री बनाउने धेयका साथ काम गरिएको बताए। बिहीबारदेखि लागू भएको प्रणालीले करिब ५ लाख करदातालाई कर कार्यालय नगईकन कर बुझाउन सक्ने व्यवस्था भएको बताए। उनले चालु आर्थिक वर्षको बजेटले परिवर्तन गरेका आयकरका विषयहरुलाई समावेश गरी आयकर निर्देशिका बिहीबारैबाट लागू गरिएको पनि जानकारी गराए। बायोमेट्रिक प्रणाली र विभिन्न जिल्लामा १० वटा नयाँ करदाता कार्यालयको सञ्चालन पनि बिहीबारैदेखि सुरु गरिएको कुँवरले बताए। सबै व्यवसायीक कोडलाई व्यवस्थित गर्ने नेपाल स्टाण्डर्ड इन्डष्ट्रियल क्लासिफिकेसन (एनएसआईसी) लागू भएको उनले बताए। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नागरिक एपसँग समन्वय गरि बिहीबारैका दिनदेखि विद्युतिय माध्यमबाट करदाता कार्यालयमा नगईकन व्यक्तिगत प्यान नम्बर लिन सकिने व्यवस्था मिलाईएको पनि कुँवरले बताए। सरकारले चालु आर्थिक वर्षको बजेटमार्फत २० लाख भन्दा कम कारोबार गर्ने र दुई लाखसम्म आय हुनेहरुका लागि कर चुक्ता गर्न नयाँ प्रणालीको विकास गरिने व्यवस्था गरिएको थियो। सोही व्यवस्था अनुसार आन्तरिक राजश्व विभागले बिहीबार देखि नै नयाँ कर प्रणालीलाई कार्यान्वयनमा ल्याएको हो।

# सार्वजनिक यातायात क्षेत्रका समस्या समाधान गरिने छ : प्रम

**काठमाडौं / मस**-प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक यातायात सञ्चालनका लागि आफ्नो सामर्थ्यले सकेसम्म सहयोग गरिने बताए। कोभिड- १९ को महामारीपछि यातायात सञ्चालनमा देखिएका समस्याबारे ज्ञापनपत्र बुझाउन बिहीबार प्रधानमन्त्री निवास बालुवाटार गएको यातायात व्यवसायी र मजदूर सङ्गठनका नेताको प्रतिनिधिमण्डलसँग कुरा गर्दै प्रधानमन्त्री ओलीले महामारीका कारण प्रभावित सबै क्षेत्रका समस्या राज्यले हेर्नुपर्ने भएकाले आफ्नो सामर्थ्यअनुरुप समाधानमा अग्रसर रहने बताए। "कोभिड-१९ को महामारीपछि सबै क्षेत्र प्रभावित हुन पुगे। जनताको दैनिक जीविका, विकास, अर्थतन्त्र र सेवा, सबै क्षेत्रमा यसको प्रभाव छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "सबै क्षेत्रका समस्या सरकारले



समाधान गरिदिएहुन्थ्यो भन्ने परिरहेको छ, यस्तो स्वाभाविक पनि हो। सार्वजनिक यातायात सञ्चालन गर्न केकस्तो सहयोग गर्न सकिन्छ, सरकारले पहल गर्नेछ।" सो अवसरमा नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घ र यातायात मजदूर सङ्गठनका प्रतिनिधिले प्रधानमन्त्री ओलीसँग आफ्ना समस्या प्रस्तुत गर्नुभएको थियो। प्रतिनिधिमण्डलमा महासङ्घका अध्यक्ष योगेन्द्रनाथ कर्माचार्य, महासचिव सरोज सिटौला र उपमहासचिव वसन्त भण्डारी तथा सङ्गठनका अध्यक्ष भीमज्वाला राई, अखिल नेपाल यातायात मजदूर सङ्घका रामचन्द्र कार्की र नेपाल यातायात मजदूर सङ्घका धर्मराज भण्डारी सहभागी थिए।

# हायर मी नेपाल संचालनमा

**काठमाडौं / मस**-बिहीबारदेखि नेशनल एकेडेमी फर फाइनान्सियल सर्भिसेस प्रालीले हायर मी नेपाल प्रोग्राम सञ्चालनमा ल्याएको छ। रोजगारदाताले महंगोमा विज्ञापन गर्दा पनि चाहिएको जनशक्ति नपाउने तथा काम गर्न चाहने र पहुँच नहुनेले समयमा रोजेको ठाउँमा बाध्यतालाई सहजीकरण गर्न हायर मी नेपाल सञ्चालनमा ल्याइएको हो।

हायर मी नेपाल डटकमको साइटको माध्यमले रोजगारदाता कम्पनी, उद्योग, सस्था तथा रोजगार हुन चाहने जो सुकैले आफूलाई छुट्टै पासवर्ड लिएर रष्टिार गराउन सक्नेछन्। चाहिएको जनशक्ति खोज्ने, सम्पर्क गर्ने, च्याटो माध्यमले अर्न्तवार्ता गरि नियुक्ति लिन दिन समेत सकिने गरि सफ्टवेयर बनाइएको छ। यो साइट अहिले पुर्णतः निशुल्क हुनेछ।

# पर्यटन व्यवसायीले गरे आन्दोलनको घोषणा




**काठमाडौं / मस**-पर्यटन व्यवसायीले दबाब समूह बनाएका छन्। कोरोना भाईरसले निम्त्याएको लकडाउनका कारण डुबेको पर्यटन व्यवसायलाई सरकारले ध्यान नदिएको भन्दै उक्त दबाव समुह बनाईएको हो। विभिन्न पर्यटनसँग सम्वन्धित संस्था राखेर निर्माण भएको टुरिजम अम्रेला एशोसिएसनले बिहीबार एक पत्रकार सम्मेलन गरेर उक्त दवाब समुह गठन गरेको घोषणा गरेको हो। समुहले पत्रकार सम्मेलन गरेर हड्तालको चेतावनी समेत दिएको छ। संगठनले बिहीबार पत्रकार सम्मेलन गरेर अगस्ट १ देखि आन्तरिक र अगस्ट १५ तारिख देखि अन्तर्राष्ट्रिय उडान सुचारु नगरे रिले अनसन गर्ने नेपाल एशोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्सका अध्यक्ष अच्युत गुरागाईंले बताए। यस्तै उनले हवाई यातायातसँगै सरकारले पर्यटकीय यातायातलाई पनि संचालनको इजाजत दिनुपर्ने माग गरेका छन्। एसिया प्यासिफीक क्षेत्रका प्राय मुलुकले स्वास्थ्य सुरक्षा अवलम्बन गर्दै पर्यटन क्षेत्र संचालन गरिसकेको होटल संघ नेपालका वरिष्ठ उपाध्यक्ष विनायक शाहले बताए। पर्यटन क्षेत्र आत्तिएपनि अहिलेको विषम परिस्थितीमा सरकार नआत्तिएको हवाई सेवा संचालक संघका अध्यक्ष रामेश्वर थापाले बताए। यस्तै आन्तरिक उडान संचालनका लागि सरकारले बनाएको कार्यदलले एक सातामा निष्कर्ष निकाल्ने पर्यटन मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेको भनाई छ।

# एनआरएनएको राहत कोष

**काठमाडौं / मस**–गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) ले बाढीपहिरो पीडित राहत कोष स्थापना गर्ने भएको छ। नेपालका बाढीपहिरो जस्ता विपद्जन्य घटनाका पीडितको सहयोगार्थ कोष स्थापना गर्न लागिएको सङ्घका कोषाध्यक्ष महेशकुमार श्रेष्ठले जानकारी दिए। विश्वभर रहेका नेपालीसँग कोषमा सहयोग गर्नका लागि आग्रह गर्दै उनले यही साउन महिनासम्म राहत सङ्कलन गरिसकेर वितरण गरिने बताए। कोषमा सहयोग रकम जम्मा गराउनका लागि बिभिन्न देशमा रहेका सङ्घका राष्ट्रिय समन्वय परिषद्लाई पनि आग्रह गरिएको उनले उल्लेख गरे। कोषमा सहयोग गर्न चाहनेले राष्ट्रिय समन्वय परिषद्को बैंक खातामा वा सिधै आइसिसीको खातामा सहयोग रकम जम्मा गर्नसक्ने सङ्घले जनाएको छ। नेपालका विभिन्न क्षेत्रमा आएको वर्षासँगै गएको बाढीपहिरो र डुबानका कारण मृत्यु, घाइते तथा केही हराइरहेका छन्। सयौं परिवार विस्थापित भएका छन्।

# तुलसीपुर उपमहानगर 'क्यासलेस'




**दाङ / मस**–तुलसीपुर उपमहानगरपालिकालाई नगदविहीन अर्थात् क्यासलेस बनाइएको छ। आर्थिक सुशासन र बैंकिङ प्रणालीप्रति अभ्यस्त बनाउन उपमहानगरपालिकामा मेगा बैंकको काउन्टर स्थापनाका भएपछि बिहीबारबाट नगदविहीन बनाइएको हो।

अब उपमहानगरपालिकालाई तिर्नुपर्ने पैसा सेवाग्राहीले अनिवार्यरुपमा बैंकमा जम्मा गर्नुपर्नेछ। काउन्टर राख्न इच्छुक बैंकबाट आवेदन लिएर बैकलाई काउन्टर स्थापनाका लागि स्वीकृति दिइएको उपमहानगरपालिकाका वित्तीय अधिकृत ललितबहादुर घर्तीले जानकारी दिए। गत वर्ष नै काउन्टर उद्घाटन गर्ने भनिए पनि राष्ट्र बैंकसँगको प्रक्रियामा भएको ढिलाइका कारण यस वर्षबाट मात्रै सञ्चालन गर्न सकिएको बैंकको व्यवस्थापक राजन भण्डारीले जानकारी दिए।


काउन्टरको शुभारम्भ गर्दै उपमहानगरप्रमुख घनश्याम पाण्डेले क्यासलेस बनाउने लक्ष्य पूरा भएकामा खुशी व्यक्त गरे। उनले अनौपचारिक कारोवारलाई रोक्नका लागि बैंकिङ प्रणालीको ठूलो महत्व हुने र हरेक नागरिकलाई बैंकिङ प्रणालीसँग जोड्न सकिए मात्रै औपचारिक कारोवार वृद्धि हुने उनको भनाइ थियो। उपमहानगरपालिकाले आफ्नो हरेक भुक्तानी अनलाइनबाट गर्ने गरी काम अगाडि बढाएको छ।

# एनआईसी एशिया बैंकको भौचर अनलाइनमै भर्न मिल्ने

NIC ASIA

**काठमाडौं / मस**-एनआईसी एशिया बैंकले अनलाईनमार्फत खातामा पैसा डिपोजिट गर्न सकिने सेवा सार्वजनिक गरेको छ। बैंकले समयअनुरुप परिष्टिकृत सेवा तथा सुविधाहरू ल्याउने क्रमलाई निरन्तरता दिंदै देशको बैंकिङ इतिहासमै पहिलो पटक घर वा अफिसबाट आफ्नो मोबाइल, ल्यापटप वा कम्प्युटर प्रयोग गरी आफ्नो वा आफुले चाहेको एनआईसी एशिया बैंकको खातामा नगद रकम जम्मा गर्ने भौचर भर्न मिल्ने अनलाईन प्रणालीको शुभारम्भ गरेको हो। यसका लागि ग्राहकहरुले आफ्नो मोबाइल वा कम्प्युटरमार्फत बैंकको लिंकमा गई नगद रकम जम्मा गर्न डिजिटल माध्यमबाट भौचर भर्न सक्नेछन्। उक्त लिंक भित्र पुगेपश्चात् सेवाग्राहीहरुले भौतिक फारमकै ढाँचाको डिजिटल भौचर राखिनेछ र उक्त भौचरमा आफुलाई पायक पर्ने शाखा छनौट गरी आवश्यक विवरणहरु भरिसकेपछि बैंकबाट सेवाग्राहीलाई एसएमएमार्फत डिपोजिट कोड पठाईने छ। उक्त कोड पठाईसकेपछि डिपोजिट कोडसहित सेवाग्राही सिधै बैंकको शाखामा उपस्थित भई बिना कुनै नगद भौचर सोझै नगद काउण्टरमार्फत आफुले नगद जम्मा गर्न चाहेको खातामा नगद जम्मा गर्न सक्नेछन्। यसरी नगद जम्मा गर्दा सेवाग्राहीले काउण्टरमा बसेको बैंकको कर्मचारीलाई आफ्नो डिपोजिट कोड भनेपछि नगद बुझ्ने र यसपछि बैंकका कर्मचारीद्वारा नगद रकम जम्मा भएको भौचर सम्बन्धित सेवाग्राहीलाई प्रदान गरिनेछ।

बैंकले ल्याएको अनलाईनबाटै भौचर भर्न सकिने सुविधाले लाइन नबसी सेवा लिनको निमित्त सहयोग हुनेछ भने काउण्टरमा पुगेर लामो समय लाइनमा बस्नुपर्ने परम्पराको अन्त्य हुने बैंकले विश्वास लिएको छ। नगद जम्मा गर्ने सेवाको अलावा बैंकले मोबाइल बैंकिङ सेवा नवीकरण, अनब्लक, ब्लक, तथा पिन रिसेट गर्ने एवं मौज्दात विवरण, चेक अनुरोध, ई-कमर्श दर्ता, ब्यालेन्स सर्टिफिकेट अनुरोधलगायत गर्दैछ। बैंकले हाल मुलुकभर ३२६ शाखा कार्यालयहरू, ४६४ एटिएम, १०१ वटा एक्स्टेन्सन काउण्टर एवं ६१ वटा शाखा रहित बैंकिङमार्फत् बैंकिङ सेवा प्रदान गर्दै आएको छ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**